**सुरुमा यस बुलेटिनका प्रमुख समाचार**

१. अन्तरिक्ष क्षेत्रमा भारतको प्रगतिले जनताको जीवनलाई सजिलो बनाएको प्रधानमन्त्री नरेन्द्र मोदीको धारणा

२. कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानका अनुसार भारतीय अन्तरिक्ष अनुसन्धान संगठन-इसरोले खडेरी, वर्षा र मौसमको बारेमा सही सूचना दिने भू-पोर्टल विकास गरेको जानकारी

३. क्यानडामा भएको विश्व तीरंदाजी युवा च्याम्पियनशिपमा भारतका मिश्रित पुरुष अन्डर-२१ टोली पहिलो पटक जुनियर विश्व उपाधि जित्न सफल
४. अनि अर्जुन बाबुता र इलाभेनिल भलारिवनको एयर राइफल मिश्रित टोलीले एसियाली सुटिङ च्याम्पियनशिपमा स्वर्ण पदक हात पार्न सफल

**अब समाचार विस्तारमा**

1. PM Space Day

प्रधानमन्त्री नरेन्द्र मोदीले अन्तरिक्ष क्षेत्रमा भारतको प्रगतिले जनताको जीवनलाई सजिलो बनाएको बताउनुभएको छ। राष्ट्रिय अन्तरिक्ष दिवसको अवसरमा एक भिडियो सन्देशमा श्री मोदीले भारतले अन्तरिक्ष प्रविधिलाई केवल वैज्ञानिक अन्वेषणको उपकरणको रूपमा मात्र नभई जीवनलाई सजिलो बनाउने माध्यमको रूपमा पनि हेर्छ भन्नुभयो। उहाँले अन्तरिक्ष प्रविधि भारतमा शासनको अभिन्न अंग बन्दै गइरहेको बताउनुभयो। उहाँले चाँडै नै गगनयान अभियान सुरु गरिने र आगामी समयमा भारतले आफ्नै अन्तरिक्ष स्टेशन निर्माण गर्ने बताउनुभयो। श्री मोदीले छोटो समयमा राष्ट्रिय अन्तरिक्ष दिवस युवाहरूमा उत्साह र आकर्षणको केन्द्र बनेको उल्लेख गर्नुभयो।

2. Amit Shah - Space Day

गृहमन्त्री अमित शाहले राष्ट्रिय अन्तरिक्ष दिवसमा ती अन्तरिक्ष वैज्ञानिकहरू र इन्जिनियरहरूलाई बधाई दिनुभएको छ, जसको अटल समर्पणले चन्द्रयान-३ अभियानलाई सफल बनायो। सामाजिक सञ्जालमा पोस्ट गर्दै श्री शाहले भन्नुभयो, यो अभियानले अन्तरिक्ष अन्वेषणमा भारतको लागि नयाँ आयामहरू खोलेको छ, जसका कारण देशका युवाहरूमा नवीनताको भावना विकास भएको छ।

3. Shukla – Taragraha

राष्ट्रिय अन्तरिक्ष दिवसको अवसरमा समूह क्याप्टेन शुभांशु शुक्लाले आज नयाँ दिल्लीस्थित नेहरू ताराग्रहमा आर्यभट्ट ग्यालरीको उद्घाटन गर्नुभयो । मिडियासँग कुरा गर्दै समूह क्याप्टेन शुक्लाले यसलाई गर्वको क्षण र देशको लागि सुनौलो समय भएको बताउनुभयो।

4. Chauhan – Space Day

कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले आज भारतीय अन्तरिक्ष अनुसन्धान संगठन-इसरोले खडेरी, वर्षा र मौसमको बारेमा सही जानकारी दिने भू-पोर्टल विकास गरेको बताउनुभयो। यसले किसानहरूलाई आफ्नो बालीलाई अझ प्रभावकारी रूपमा योजना बनाउन मद्दत गर्नेछ। नयाँ दिल्लीमा भर्चुअल माध्यमबाट राष्ट्रिय विज्ञान दिवस समारोहको सत्रलाई सम्बोधन गर्दै श्री चौहानले किसानहरूका लागि यो पोर्टल विकास गरेकोमा भारतीय अन्तरिक्ष वैज्ञानिकहरूको प्रशंसा गर्नुभयो । उपग्रहमा आधारित रिमोट सेन्सिङ प्रणालीलाई प्रकाश पार्दै उहाँले थप भन्नुभयो

5. Space Day

आज देशभर दोस्रो राष्ट्रिय अन्तरिक्ष दिवस मनाइँदैछ। यस दिन चन्द्रयान-३ ले चन्द्रमाको दक्षिणी ध्रुवमा सफल अवतरण गरेको थियो। यस उपलब्धिको सम्मानमा, भारत सरकारले अगस्ट २३ लाई आधिकारिक रूपमा "राष्ट्रिय अन्तरिक्ष दिवस" घोषणा गरेको हो।

6. B. Narayanan - Space Day

यसैबीच, इसरोका अध्यक्ष डा. वी. नारायणनले अन्तरिक्ष क्षेत्रमा भारतको प्रगतिमा गर्व र खुशी व्यक्त गर्नुभएको छ। आकाशवाणीसँगको विशेष अन्तर्वार्तामा डा. नारायणनले भन्नुभयो.......

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ....**

7. Jaishankar – Economic Times Forum

विदेशमन्त्री डा. सुब्रमण्यम जयशंकरले भारत र अमेरिकाबीच व्यापारको बारेमा वार्ता भइरहेको बताउनुभएको छ। उहाँ आज नयाँ दिल्लीमा इकोनोमिक टाइम्स वर्ल्ड लिडर्स फोरम २०२५ लाई सम्बोधन गर्दै हुनुहुन्थ्यो। उहाँले सरकार किसान र साना उत्पादकहरूको हितको रक्षा गर्न प्रतिबद्ध छ भन्नुभयो।

8. Post Office - US

सञ्चार मन्त्रालय अन्तर्गतको हुलाक विभागले अगस्ट २५ देखि अमेरिकामा हुने सबै हुलाक वस्तुहरूको आपूर्ति अस्थायी रूपमा निलम्बन गर्ने निर्णय गरेको छ। अमेरिकी सरकारको कार्यकारी आदेशपछि यो निर्णय आएको हो, जसमा यस महिनाको २९ तारिखदेखि $८०० सम्मका वस्तुहरूमा भन्सार छुट फिर्ता लिनेछ। सञ्चार मन्त्रालयले अमेरिकामा आउने सबै अन्तर्राष्ट्रिय हुलाक वस्तुहरूको मूल्य जेसुकै भए पनि, भन्सार शुल्कको अधीनमा रहने बताएको छ। यद्यपि, $१०० सम्मका उपहार वस्तुहरू शुल्कमुक्त रहनेछन्।

9. IMD - Chamoli

उत्तराखण्डको चमोली जिल्लाको थाराली तहसीलमा गए राति अबेर भएको भारी वर्षापछि राहत र उद्धार कार्य जारी छ। हाम्रा संवाददाताका अनुसार अचानक आएको वर्षाका कारण टुन्री नदीको पानीको सतह बढेको र थराली बजार क्षेत्रका भागहरूमा पसेको छ।

10. Sports News

अब खेल प्रसंगः १३४ औं प्रतिष्ठित डुरान्ड कप फुटबलको अन्तिम खेल आज कोलकातामा नर्थ इस्ट युनाइटेड फुटबल क्लब र डायमंड हार्बर फुटबल क्लबबीच खेलिनेछ।

जम्मू र कश्मीरमा, प्रतिष्ठित डाल तालमा तीन दिने "खेलो इन्डिया वाटर स्पोर्ट्स फेस्टिवल" आज साँझ ग्रीष्मकालीन राजधानी श्रीनगरको प्रतिष्ठित डाल तालमा सम्पन्न भयो। मध्य प्रदेशले १० स्वर्ण पदक सहित १८ पदक जितेर शीर्ष स्थानमा रह्यो।

भारतीय मिश्रित पुरुष अन्डर-२१ टोलीले आज क्यानडामा २०२५ को विश्व तीरंदाजी युवा च्याम्पियनसिपमा जर्मनीलाई हराएर आफ्नो पहिलो जुनियर विश्व उपाधि जितेको छ। यसबाहेक, भारतीय मिश्रित पुरुष अन्डर-१८ टोलीले फाइनलमा अमेरिकालाई हराएर विश्व च्याम्पियनको उपाधि पनि जित्यो।

अनि सुटिङ प्रतियोगितामा भारतीय शूटर अर्जुन बाबुता र इलाभेनिल भलारिवनले काजाकिस्तानको श्यामकेन्टमा आयोजित १६ औं एसियाली सुटिङ च्याम्पियनसिपमा १० मिटर एयर राइफल मिश्रित टिम इभेन्टमा स्वर्ण पदक जिते। यसैबीच, बुल्गेरियाको सामोकोभमा, भारतकी काजल दोचकले अन्डर-२० विश्व कुस्ती च्याम्पियनसिपमा स्वर्ण पदक जितिन् भने श्रुति र सारिकाले कांस्य पदक जिते।

**अन्त्यमा यस बुलेटिनका प्रमुख समाचार पुनः एक पटकः**

१. अन्तरिक्ष क्षेत्रमा भारतको प्रगतिले जनताको जीवनलाई सजिलो बनाएको प्रधानमन्त्री नरेन्द्र मोदीको धारणा

२. कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानका अनुसार भारतीय अन्तरिक्ष अनुसन्धान संगठन-इसरोले खडेरी, वर्षा र मौसमको बारेमा सही सूचना दिने भू-पोर्टल विकास गरेको जानकारी

३. क्यानडामा भएको विश्व तीरंदाजी युवा च्याम्पियनशिपमा भारतका मिश्रित पुरुष अन्डर-२१ टोली पहिलो पटक जुनियर विश्व उपाधि जित्न सफल

४. अनि अर्जुन बाबुता र इलाभेनिल भलारिवनको एयर राइफल मिश्रित टोलीले एसियाली सुटिङ च्याम्पियनशिपमा स्वर्ण पदक हात पार्न सफल

**आकाशवाणीबाट सुन्दै हुनुहुन्थ्यो समाचार, पूरा भयो।**